हेमप्रभास

# 'मेरा बा किसान हुन्'

निधार उचालेर
लेकतिर पठाइदिन्छन्
औँलाहरू फुकालेर
बेसीतिर पठाइदिन्छन्
माटो हो कि कपडाजस्तो
जिन्दगी लगाएर
थाप्लोमा पसिनाको
भारी बोक्छन् !
नखाँदा पनि अघाएजस्तो
उनको चेहरामा
कहिले
घाम दौडिरहेको देख्छु
कहिले
गुराँसझैँ फुलिरहेका
जूनताराहरू भेट्छु
मेरा बा किसान हुन् ।

गरागरामा दौडिहिँड्ने
पानीका गीताङ्गे लहरहरूमा
कति बजे होलान्
मेरा बाको पैताला
छप्ल्याकछुप्लुक !
भिज्दाभिज्दै
बर्सादी र घुमजस्ता बनेका
उनका आङभरि
थाहा छैन-
बादलसँगै
कतिपल्ट खस्यो होला आकाश !
कतिपल्ट बज्रिए होलान्-
नुनजस्ता असिना !
कतिपल्ट बास बस्यो होला-
उनका आँखामा
चराजस्तै चञ्चले दिन !
उनी गणित जान्दैनन् ।

उनी औँलाले प्रत्येक बिहान
शीतका झुप्पाहरू फुलिरहेका
हरियो करेसाबारी देखाउँछन्
र, भन्छन्-
यस्तो हुनुपर्छ जीवन !

सुन्तला र आरुबखडाहरू टिपेर
सहर पठाएपिच्छे
निःशुल्क आइरहेछन् यहाँ
मेरा बाको कमिजको धागो
र, काँडाले कोतर्दा
फलहरूमा लतपतिएको रगत !

के यति सस्तो छ जिन्दगी !

यो सहरमा
संसारलाई अक्षरहरूमा
कैद गर्छु भन्ने
अनगिन्ती अखबारहरू छन्
दृश्यहरूमा समेट्छु भन्ने
टेलिभिजन च्यानलहरू पनि छन्
तर,
ती अखबारका पानाहरूमा
वा, टेलिभिजनका स्क्रिनहरूमा
मैले कहिल्यै देखेको छैन-
मेरा बाको नाम
र, उनले
हलो जोत्दै गरेको फोटो !
मलाई शङ्का छ-
सगरमाथाभन्दा अग्ला हौँ भन्ने
यो घरैघरैको सहरले
पानी पिउँछ कि पसिना !
दूध पिउँछ कि खोसिएको आँसु !
चामल किन्छ कि
किसानहरूको सपना !

समयको यही बिन्दुबाट
आज दिल खोलेर

बालाई भन्न मन लागिरहेछ-
'बा ! तपाईं त
कसैले पनि नदेख्ने
श्रमको ईश्वर हुनुहुँदोरहेछ !'
———

हेमप्रभास
९८५११२६०२०/९८१३०५८०५४
sarupr_21@yahoo.com